सिकाई क्षेत्र :
व्यावहारिक समस्या र समाधान

# सङ्ख्या चिनौ



तह २

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानवश्रोत विकास केन्द्र

# हाम्रो भनाइ

सिकाइ मानव जीवनको अभिन्न अङ्ग हो । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर रहेर पनि व्यक्तिले जीवनका लागि आवश्यक ज्ञान र सिप हासिल गरिरहेको हुन्छ । यसरी जीवनपर्यन्त चलिरहने सिकाइलाई अनौपचारिक शिक्षा भनिन्छ । जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ तो किएको निश्चित ढाँचा वा पद्धतिमा मात्र सीमित हुँदैन । मानव जीवनमा व्यक्तिले औपचारिक, अनौपचारिक तथा आफू संलग्न रहेको पेसा व्यवसाय वा कार्य अनुभवले विभिन्न किसिमका ज्ञान, सिप र क्षमता आर्जन गरिरहेको हुन्छ । अनौपचारिक माध्यमबाट सिकेका ज्ञान, सिप र क्षमतालाई उपयुक्त प्रणालीमार्फत व्यवस्थित गर्दै लैजानु जरुरी छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले गरेको व्यवस्थाबमोजिम अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका वा विभिन्न पेसा व्यवसाय गर्दै स्वअध्ययनको माध्यमबाट सिकाइ प्रमाणीकरण गर्न तथा आफ्नो योग्यता बढाउन चाहने व्यक्तिको आवश्यकतालाई दृष्टिगत गर्दै यो सामग्री तयार गरिएको हो ।

यस सामग्रीले भाषा तथा सञ्चार, व्यवहारिक समस्या समाधान, सामाजिक व्यवहार र मूल्यमान्यता, जीवन जगत र प्रविधि तथा स्वास्थ जीवनशैली र सिर्जनशीलतागरी पाँचओटा विषयक्षेत्र समेटेको छ ।

यो सामग्री १५ वर्षमाथिका औपचारिक शिक्षा प्राप्त गर्न वा पूरा गर्न नसकेका अनुभवी सिकारुलाई दृष्टिगत गरी विकास गरिएको छ । यो सामग्री हाललाई परीक्षणका लागि तयार गरिएको हो । आगामी दिनमा सरोकारवालाबाट प्राप्त सल्लाहसुझाव समावेश गर्दै यसलाई अझ परिष्कृत एवम् अद्यावधिक गरिने छ ।

यो सामग्री तयार गर्ने क्रममा सहयोग पुऱ्याउने साझेदार संस्था युनिसफ तथा विश्व शिक्षा, सामग्री लेखन र भाषा सम्पादनमा सहयोग गर्नुहुने विज्ञहरू, चित्र तथा साजसज्जा कार्यमा संलग्न सबैप्रति यो केन्द्र हार्दिक धन्यवाद प्रकट गर्दछ ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

## परिचय

के तपाईँलाई करोडसम्मको सङ्ख्यालाई अङ्क र अक्षरमा लेख्न सक्नुहुन्छ र त्यस्ता सङ्ख्याहरुको जोड घटाउ गर्न सक्नुहुन्छ ? के तपाईँ बिल ग्राफ, चार्ट र नक्सा हेरी आफूलाई चाहिएको सूचना लिन सक्नुहुन्छ ? यो मोड्युलमा करोडसम्मको सङ्ख्या र तिनीहरुको जोड घटाउको बारेमा चर्चा गरिएको छ। साथै दैनिक जीवनमा प्रयोगमा ल्याईएका सामानहरु गन्ती गरी पूर्ण र आंशिक सङ्ख्यामा लेख्न चाहिने आधारभूत ज्ञान र सिपका बारेमा सिक्न सक्नुहुन्छ। यो मोड्युलमा घरायसी बिल, ग्राफ, चार्ट र नक्सा हेरेर त्यसबाट सूचना कसरी लिन सकिन्छ भन्ने कुराको जानकारी पनि लिन सकिन्छ। यसमा निम्नअनुससार जम्मा चार ओटा पाठहरु रहेका छन्।

## सक्षमता

- दैनिक जीवनका सरल समस्यालाई आधारभूत गणितीय धारणा र सिपको प्रयोग गरी समाधान।

## सिकाइ उपलब्धि

यो मोड्युल पढेपछि हामी निम्नलिखित काम गर्न सक्षम हुने छौं :

- करोडसम्मको सङ्ख्या अङ्क र अक्षरमा लेख्न
- करोडसम्मको सङ्ख्याको जोड र घटाउ गर्न
- चित्र हेरी भिन्नमा लेख्न
- बिल र ग्राफ हेरी सूचना लिन
- नक्सा हेरी सूचना लिन

## पाठहरू

यो सिकाइ सामग्रीमा देहायका पाठहरू समावेश गरिएका छन् :

पाठ १ : करोडसम्मका सङ्ख्या

पाठ २: करोडसम्मका सङ्ख्याको जोड घटाउ

पाठ ३: भिन्न

पाठ ४: बिल ग्राफ र नक्सा

## पूर्व सिकाई परिक्षण

**ल हेरौँ है त हामीलाई के के कुरा थाहा रहेछ ?**

१. तपाइँ तलको सङ्ख्यालाई अङ्कमा लेख्न प्रयास गर्नु है त ।

क. ८९७६९०८          ख. २६७९८४३२

२. तलको सङ्ख्यामध्ये कुन ठुलो होला ?

क. ७६,९८७,३२१    ८६,८९६,४३२          ख. ५,७६,८७,९८३    ५,७६,४५,०९८

३. पाँच करोडमा कतिओटा लाख हुन्छन् होला ?

क. ५ ओटा    ख. ५० ओटा    ग. ५०० ओटा    घ. ५००० ओटा


४. तलका सङ्ख्यामध्ये एउटा वर्ग सङ्ख्या र एउटा घन सङ्ख्या लेख्नुहोस् है त ।

३    ४    ५    ७    १५    २७


५. चिह्न हेरी 'जोड + वा 'घटाउ - गर्नुहोस् है त ।

क. ७८,९३,६५४ + २३,५४,३४९          ख. ३,८९,५६,८७६ - २, ५६,२३,२४५

६. तलको चित्र हेरी रङ्गाएको भागको भिन्न लेख्न कोसिस गर्नुहोस् है त ।



७. के तपाईंले तल देखाईए जस्तो चिह्न कतै देख्नुभएको छ ? छ भने यो चिह्न केको होला भन्न सक्नुहुन्छ त ?



८. तपाइँको गाउँ/टोल को उत्तरतिरको दिशामा के छ होला ? ( तपाइँले यसको उत्तरमा उत्तर दिशामा पर्ने गाउँ, स्कुल, मन्दिर, ईनार, बन, चौँतारो आदि लेख्न सक्नुहुन्छ है )

९. के तपाईंले सर सामान किन्दा बिल लिने गर्नु एको छ ? बिल किन लिनुपर्छ होला ?

तपाइँको उत्तर मिल्यो कि मिलेन भनेर यस मोड्युलको अन्त्यमा हेर्नुहोस् है त । कति मिले छ त ? सबै मिलाउनुभयो भने धेरै राम्रो, तपाइँलाई बधाई छ । यसबाट थाहा हुन्छ कि यस मोड्युलका सम्बन्धमा धेरै जानकारी छ, तर पनि तपाईं आफूले थाहा पाईसकेको विषयवस्तुको समीक्षा गर्न यो मोड्युल अध्ययन गर्न सक्नुहुन्छ । यसो गर्दा तपाइँले थप केही नयाँ कुरा सिक्न पनि सक्नुहुन्छ ।

यदि तपाइँको उत्तर अधिकांश मिलेनन् भने पनि चिन्ता नगर्नुहोस् । वास्तमा यो मोड्युल तपाइँकै लागि तयार गरि एको हो । यसको अध्ययनले तपाइँलाई दैनिक जीवनमा काम लाग्ने निश्चित खालका हिसाब गर्न सक्ने ज्ञान, सिप, अवधारणा आदिका बारेमा जानकारी हुने छ । यसको अध्ययनले तपाइँलाई माथिका सबै प्रश्न ठिकसँग उत्तर दिन र अन्य धेरै कुरा पनि जान्न, बुझ्न मद्दत गर्ने छ । के तपाईं तयार हुनुहुन्छ ? अब हामी पाठ सुरू गरौँ है त ।

पाठ १

# करोडसम्मका सङ्ख्या



## सिकाइ क्रियाकलाप

पेम्बा तामाङ्लाई आफ्नो गाउँको बिकास गर्ने तीव्र चाहना छ । उनको गाउँमा अहिलेसम्म धेरै विकास भएको छैन । गाउँमा माध्यमिक विद्यालयको आवश्यकता छ, पिउने पानीको पनि राम्रो व्यवस्था गर्नुपर्ने छ र बाटोघाटो पनि उचित रुपमा नबनेकाले राम्रो बाटोघाटो पनि निर्माण गर्नु छ । त्यसैले स्थानिय चुनाब नजिकिँदै गर्दा उनले वार्ड अध्यक्षमा उम्मेद्वारी दिने अठोट लिएकी छिन् । उनलाई गाउँलेहरुको पनि उत्तिकै साथ छ । सामाजिक काममा आफ्नो रूचि रहेको र समय पनि दिन सक्ने भएकाले वार्ड अध्यक्ष भएर उनले गाउँको विकास गर्ने अठोट लिएकी छन् ।

उनको वार्डमा तीनओटा गाउँ छन् । उनले वार्ड अध्यक्ष भएपछि के के कुरा गर्ने भनेर गाउँलेहरुको सरसल्लाहमा चुनाबी घोषणापत्र पनि तयार गरेकी छन् । अब उनलाई आफ्नो वार्डको मतदातालाई घोषणापत्रमा उल्लेख गरेको योजना बुझाउनु छ । त्यसका लागि उनले प्रत्येक गाउँको मतदाताहरुलाई बोलाएर सभा गरी आफ्नो योजनाको बारे कुरा गर्नुपर्ने छ । उनले प्रत्येक गाउँमा कति मानिसहरुले मतदानको दिन मतदानमा भाग लिन सक्छन् भनेर आकलन गर्नुपर्ने भयो । उलाई उक्त कुराका लागि आआफ्नै गाउँका एक एक जना मानिसले सहयोग गर्ने भए ।

**गाउँ १ :** निर्वाचन आयोगले निकालेको मतदाता नामावालीबाट यो गाउँको मतदाता सङ्ख्या थाहा भयो । नर बहादुर बि.क ले मृत्यु भएका, वैदेशिक रोजगारीमा गएका र गाउँ छोडी अन्य ठाउँ गई मतदानमा आउन नसक्ने सम्भावित मतदाताको सूची तयार गरे । गाउँको जम्मा मतदाताबाट मतदानमा भाग लिन नसक्नेको सम्भावित सङ्ख्या घटाए । यसो गर्दा त्यो गाउँमा ४३२ जना मतदाताले मतदान गर्न सक्ने देखियो । हामी यसलाई तलको स्थानमान तालिकामा देखाएर हेरौँ है त :

| सय | दश | एक |
|---|---|---|
| | | |

हो, तपाईंले सही गर्नुभयो ।

| सय | दश | एक |
|---|---|---|
| ४ | ३ | २ |

यहाँ ४ सयको स्थानमा छ । त्यसैले ४ को स्थानमान ४ सय = ४०० हुन्छ ।

३ दशको स्थानमा छ । त्यसैले ३ को स्थानमान ३ दश = ३० हुन्छ ।

२ एकको स्थानमा छ । त्यसैले २ को स्थानमान २ एक = २ हुन्छ ।

१. **गाउँ २:** यो गाउँको मतदानमा भाग लिने सम्भावित सङ्ख्या पत्ता लगाउनका लागि सङ्गीता मगरले साथ दिने भएकी छन् । उनले पनि नरबहादुर बि.क ले झैँ सूची तयार गरिन र सम्भावित मतदाताको सङ्ख्या तयार गरिन् । उनको गाउँमा ७८५ सम्भावित मतदाता रहेछन् । ७८५ लाई अक्षरमा लेखौँ है त ।

..............................................................................................................................

२. **गाउँ ३ :** यो गाउँको मतदानमा भाग लिने सम्भावित सङ्ख्या पत्ता लगाउनका लागि रेसम काफ्लेले जिम्मेवारी लिएछन् । उनले पनि माथि २ जनाले झैं ले सूची तयार गरे र सम्भावित मतदाताको सङ्ख्या तयार गरे । उनको गाउँमा ६९२ सम्भावित मतदाता रहेछन् । ६९२ लाई अक्षरमा लेखौँ है त ।

..............................................................................................................................

३. अब निम्नलिखित प्रश्नको जवाफ दिने कोसिस गरौँ है त । तपाईंले कापीमा लेखेर पनि जवाफ दिन सक्नुहुन्छ है ।

क. सबैभन्दा धेरै मतदाता कुन गाउँमा रहेछन् ?

ख. सबैभन्दा कम मतदाता कुन गाउँमा रहेछन् ?

ग. तीनओटा गाउँको मतदाता सङ्ख्यालाई सानोबाट ठुलो क्रममा मिलाएर लेख्नुहोस् है त ।

घ. ल अब हामी जम्मा मतदाताको सङ्ख्या निकालौ है त ।

| सय | दश | एक |
|---|---|---|
| ४ | ३ | २ |
| ७ | ८ | ५ |
| +६ | ९ | २ |

४. अब हामी तलको केही उदाहरण हेरौँ है त ।

१९०९ लाई स्थानमान तालिकामा राखेर हेरौँ है त ।

| हजार | एकाइ | | |
|---|---|---|---|
| हजार | सय | दश | एक |
| १ | ९ | ० | ९ |

अब माथिको स्थानमान तालिकाअनुसार हामी अक्षरमा लेख्ने कोसिस गर्नुहोस् त ।

यहाँ १ हजारको स्थानमा छ । त्यसैले १ को स्थानमान १ हजार = १००० हुन्छ ।

यहाँ ९ सयको स्थानमा छ । त्यसैले ९ को स्थानमान ९ सय = ९०० हुन्छ ।

० दशको स्थानमा छ । त्यसैले ० को स्थानमान ० दश = ० हुन्छ ।

९ एकको स्थानमा छ । त्यसैले ९ को स्थानमान ९ एक = ९ हुन्छ ।

अब तपाइँ अक्षरमा लेख्नुहोस् त ।

..............................................................................................................................

५. यस्तै भरतपुर महानगरपालिकाको मतदाता सङ्ख्या ९६८६७ छ भने यसलाई स्थानमान तालिकामा राखेर हेरौँ है त ?

| हजार | | एकाइ | | |
|---|---|---|---|---|
| दश हजार | हजार | सय | दश | एक |
| ९ | ६ | ८ | ६ | ७ |

अब अक्षरमा लेख्ने कोसिस गर्नुहोस् है त ।

.....................................................................................................................................

६. त्यसै गरी वीरगन्ज महानगरपालिकाको मतदाता सङ्ख्या १२४६४७ छ भने यसलाई स्थानमान तालिकामा राखेर हेरौँ है तः

| लाख | | हजार | | एकाइ | | |
|---|---|---|---|---|---|---|
| दश लाख | लाख | दश हजार | हजार | सय | दश | एक |
| ० | १ | २ | ४ | ६ | ४ | ७ |

अब सङ्ख्यामा लेख्न कोसिस गर्नुहोस् है त ।

.....................................................................................................................................

७. अब पोखरा महानगरपालिकाको मतदाता सङ्ख्या २०७७१२, चितवन महानगरपालिकाको मतदाता सङ्ख्या १८५७५२, विराटनगर महानगरपालिकाको मतदाता सङ्ख्या १३३१४२ र ललितपुर महानगरपालिकाको मतदाता सङ्ख्या १२२८९० छ भने प्रत्येक महानगरपालिकाको मतदाता सङ्ख्यालाई स्थानमान तालिकामा देखाई अक्षरमा लेख्नुहोस् है त ।

पोखरा महानगरपालिका .......................................................................................................

चितवन महानगरपालिका .....................................................................................................

विराटनगर महानगरपालिका .................................................................................................

ललितपुर महानगरपालिका ...................................................................................................

८. माथि हामीले छओटा महानगरपालिकाको मतदाता सङ्ख्याको बारेमा जानकारी लियौं । अब छओटा महानगर पालिकाको मतदाता सङ्ख्यालाई ठुलोबाट सानो क्रममा मिलाएर लेख्नुहोस् है त ।

..............................................................................................................................

९. नेपालको २०७९ स्थानीय निर्वाचनका निम्ति मतदाता सङ्ख्या १७७३३७२३ भए उक्त सङ्ख्यालाई स्थानामान तालिकामा देखाई अक्षरमा लेख्नुहोस् है त ।

..................................................................................................................................

१०. त्यस्तै तलका सङ्ख्यालाई स्थानमान तालिकामा देखाई अक्षरमा लेख्नुहोस् :

अ. ५६३२४९८५

आ. २३९८६३९१

इ. ९०८६३७४ २

ई. १००३४००१

उ. ८७६००४२३

११. तलका सङ्ख्या तुलना गरी ठुलो सङ्ख्यामा ✓ चिह्न राख्नुहोस् :

क. २,४३,६४३ ☐ ३,९८,६४५ ☐

ख. २९,८७,०३१ ☐ ५३,०९,६५३ ☐

ग. ५,२१,८७,०३१ ☐ ४,३५,००,२३४ ☐

घ. ३,७८,६५,४९५ ☐ ३,४३,८७,८९४ ☐

ङ. ५,४८,६५,४९५ ☐ ५,४८,०६,९८७ ☐

**अब हामी माथिको कथामा फर्कौं है त ।**

जब नर बहादुर, सङ्गीता र रेशमले सम्भावित मतदाताको सङ्ख्या सुनाए तब पेम्बालाई जम्मा खस्ने मतको अन्दाज भयो । अब उनीहरुले १९०९ को करिब आधा मत आफ्नो पक्षमा पार्नुपर्ने थियो । त्यसका लागि उनीहरुले विभिन्न कार्यक्रमको योजना बनाएर पहिले नै तयारी गरेका थिए । त्यही योजनाअनुरुप उनीहरु चुनावको तयारी गर्न थाले ।

पेम्बाले चुनावमा बलियो उम्मेद्वारी दिइन् । चुनावमा उनले ९५० मत ल्याई वार्ड अध्यक्ष पदमा निर्वाचित भइन् ।

निर्वाचित बनेपछि उनले आफ्नो वार्डमा गर्नुपर्ने मुख्य तीनओटा योजना त तिनको कार्यान्वयनका निम्ति निम्नअनुसारको अनुमानित बजेट तयार पारिन् :

गाउँ १: मा बाटो खनेर ग्रावेल गरी पिच गर्नका निम्ति : रू एक करोड पैंतिस लाख चार हजार पच्चिस ।

गाउँ २: मा पिउने पानीको धारा जडानका निम्ति : रू. पैंसट्ठी लाख छ सय एकतिस ।

गाउँ ३: मा माध्यमिक विद्यालयको भवन निर्माणका निम्ति : रू. दुई करोड सात लाख चालिस हजार पाँच सय त्रिचालिस ।

प्रत्येक गाउँको अनुमानित बजेटलाई अङ्कमा लेख्न प्रयास गरौँ हैं त ।

यसका लागि स्थानमान तालिकाको प्रयोग गर्दा सजिलो होला । हामी पालैपालो भरौँ है त ।

गाउँ १

| करोड | | लाख | | हजार | | एकाइ | | |
|---|---|---|---|---|---|---|---|---|
| दश करोड | करोड | दश लाख | लाख | दश हजार | हजार | सय | दश | एक |
| | | | | | | | | |

अन्तिममा पच्चिस छ । यो भनेको दशको स्थानमा २ र एकको स्थानमा ५ हो ।

| करोड | | लाख | | हजार | | एकाइ | | |
|---|---|---|---|---|---|---|---|---|
| दश करोड | करोड | दश लाख | लाख | दश हजार | हजार | सय | दश | एक |
| | | | | | | | २ | ५ |

सयको स्थानमा कुनै पनि सङ्ख्या नभएकाले ० हुन्छ ।

| करोड | | लाख | | हजार | | एकाइ | | |
|---|---|---|---|---|---|---|---|---|
| दश करोड | करोड | दश लाख | लाख | दश हजार | हजार | सय | दश | एक |
| | | | | | | ० | २ | ५ |

४ हजार भएकाले ४ हजारको स्थानमा र दश हजारको स्थानमा ० हुन्छ ( यहाँ दश हजारको स्थान केही नभएकाले ० भएको )

| करोड | | लाख | | हजार | | एकाइ | | |
|---|---|---|---|---|---|---|---|---|
| दश करोड | करोड | दश लाख | लाख | दश हजार | हजार | सय | दश | एक |
| | | | | ० | ४ | ० | २ | ५ |

पैँतिस लाख भईकाले लाखको स्थानमा ५ र दश लाखको स्थानमा ३ हुन्छ ।

| करोड | | लाख | | हजार | | एकाइ | | |
|---|---|---|---|---|---|---|---|---|
| दश करोड | करोड | दश लाख | लाख | दश हजार | हजार | सय | दश | एक |
| | | ३ | ५ | ० | ४ | ० | २ | ५ |

एक करोड भएकाले करोडको ठाउँमा १ र दश करोडको ठाउँमा ० हुन्छ ।

| करोड | | लाख | | हजार | | एकाइ | | |
|---|---|---|---|---|---|---|---|---|
| दश करोड | करोड | दश लाख | लाख | दश हजार | हजार | सय | दश | एक |
| ० | १ | ३ | ५ | ० | ४ | ० | २ | ५ |

त्यसैले अङ्कमा लेख्दा १,३५,०४,०२५ हुन्छ । अङ्कमा लेख्दा स्थानमान जनाउने गरी पढ्नलाई सजिलो होस् भनेर अल्पविराम ( , )को प्रयोग गरिन्छ ।

**तलको अर्को एउटा उदाहरण हेरौँ है त ।**

छ करोड पन्ध्र लाख तेइस हजार आठ सय पन्चानब्बेलाई अङ्कमा लेख्दा;

| |
|---|
| ६ करोड १५ लाख २३ हजार ८ सय ९५ = ६,१५,२३,८९५ |

**१२. अब तपाई पनि गाउँ २ र गाउँ ३ को अनुमानित बजेटलाई अङ्कमा लेख्नुहोस् है त ।**

१३. अब तल दिएको सङ्ख्यालाई अङ्कमा लेख्नुहोस् है त ।

क. नौ करोड सन्ताउन्न लाख बाह्र हजार पाँच सय त्रिचालिस

ख. पाँच करोड चौँतिस हजार आठ सय त्रियानब्बे ।

ग. दुई करोड पैँसट्ठी लाख चार सय पचपन्न ।

घ. सात करोड सोह्र लाख बाइस हजार एक ।

ङ. पैँतालिस करोड छयानब्बे लाख तीन हजार आठ सय ।

**१४. तलको सङ्ख्यामा अल्पविराम राख्नुहोस् है त ।**

क. २०९८४५३ ख. ९७४३०२१७ ग. ६५२९८६५१

घ. २१००५४०० ङ. ५००८०००९

**१५. तलका प्रत्येक सङ्ख्यामा कतिओटा लाख छन् होला ?**

क. ६४८९०४३ ..........................................................

ख. ९००३७४३ ..........................................................

ग. ८७००४७५ ..........................................................

घ. ४४५२९०४ ..........................................................

ङ. ३९०८५२ ..........................................................

**१६. तलका प्रत्येक सङ्ख्यामा कतिओटा करोडहरू छन् ?**

क. ७६०९८३७९ ..........................................................

ख. ४५०९८१२३ ..........................................................

ग. ७८४०३८२ ..........................................................

घ. २०९८३१७८ ..........................................................

ङ. ४३२०६०९४ ..........................................................

**१७. अब तलका प्रश्नहरूको उत्तर लेख्ने प्रयास गरौँ है त ।**

क. एक लाखमा कतिओटा हजार हुन्छन् होला ?

ख. एक करोडमा कतिओटा लाख हुन्छन् होला ?

ग. एक करोडमा कतिओटा हजार हुन्छन् होला ?

**१८. दश लाखको स्थानमा कुन अङ्क छ, लेख्नुहोस् है त ।**

क. ७६४८९३४ ख. ८९५३४२०९ ग. १२९७४५६ घ. ९८०७०५४३ ङ. ७२११३८७६

**१९. करोडको स्थानमा कुन अङ्क छ, लेख्नुहोस् है त ।**

क. ५६९८३४२९ ख. ६५४९८६४३ ग. १२९८०७५३ घ. ९४३०९३४२ ङ. ७६४९०२३९८

**२०.तलको अङ्कमा २ को स्थानमान कति छ, लेख्नुहोस् है ।**

क. ७६८२९०३४ ..................................................................

ख. ४३२३८९०७ ..................................................................

ग. २८७०९४५८ ..................................................................

घ. ९२४५९८५४ ..................................................................

ङ. २८७३५७९१ ..................................................................

अब हामी तलको एउटा अर्को उदाहरण हेरौं है त ।

९१२९७६५३ = ९ “ १,००,००,००० + १ “ १०,००,००० + २ “ १,००,००० + ९ “ १०,०००
+ ७ “ १,००० + ६ “ १०० + ५ “ १० + ३ “ १

२१. अब हामी माथिको उदाहरण जस्तै विस्तारित रुपमा लेखौं है त ।

क. ९३८७६३४५

ख. ६७९०४५७४

ग. ४५६२३९१६

घ. ८१९२३४७६

ङ. १२३२९८७२

**२२. तलका प्रश्नका बारेमा साथीहरू वा अन्य जानकार व्यक्तिसँग छलफल गर्नुहोस् है त ।**

१. दैनिक जीवनमा लाख र करोडका सङ्ख्याहरु कहाँ कहाँ प्रयोग हुन्छन् ?

२. सङ्ख्याहरुलाई अङ्क र अक्षरमा लेख्न सिक्दा हामीलाई के के फाइदा हुन्छ ?

३. तपाईंको वार्डको र नगर/गाउँ पालिकाको यस आर्थिक वर्षको अनुमानित बजेट कति रहेछ ? पत्ता लगाएर बजेटलाई अङ्क र अक्षरमा लेख्ने कोसिस गर्नुहोस् है त ।

के तपाईंलाई बैङ्क तथा वित्तीय संस्थाले जारी गरेको चेकमा रकम भर्न आउँछ ? आउँछ भने धेरै राम्रो । आउँदैन भने तलको एउटा नमुना हेर्नुहोस् है त ।






## अनुभवमा आधारित क्रियाकलाप

( माथिको जस्तै एउटा नमुना चेक बनाउने )

१. मिति लेखेको कोठामा मिति भर्नुपर्छ । मिति भर्दा पहिले गते, अनि महिना र वर्ष भर्नुपर्छ ।

२. श्री .....पछि जो मानिसले बैङ्कबाट पैसा निकाल्ने जाने हो, उसको नाम लेख्नुपर्छ ।

३. रकम.... लेखेको ठाउँमा रकम अक्षरमा लेख्नुपर्छ । माथिको नमुनामा दश हजार मात्र लेखिएको छ ।

४. त्यसपछि रकमलाई अङ्कमा लेख्नुपर्छ ।  रकम अङ्कमा लेख्नलाई कोठा बनाइएको हुन्छ । माथि कोठाभित्र १०,०००/- लेखिएको छ ।

५. त्यसपछि दुईओटा कोठामा जसको खाताबाट रकम झिक्न खोजिएको हो, उसको हस्ताक्षर गर्नुपर्छ ।

चेक भर्दा हामीले माथि सिकेको अङ्कमा लेख्ने र अक्षरमा लेख्ने काम आउने रहेछ ।

तपाईंले निमा तामाङलाई रू १ लाख ६५ हजार ४ सय ६५ दिनुछ । निमालाई दिने चेक तल छ । त्यो चेक भर्नुहोस् है त ।




**अब यस पाठको अन्त्यमा आफूले आफूलाई जाँचेर हेर्नुहोस् है त ।**

१. रमाको गाउँ पालिकाले आफ्नो वार्डमा भएको विद्यालयमा दिवा खाजा सञ्चालनका निम्ति यस वर्षका लागि रू. १०,९५,००० छुट्याएको रहेछ भने उक्त रकमलाई अक्षरमा लेख्नुहोस् है त ।

२. तलको चेकमा लेखिएको अङ्कलाई अक्षरमा लेख्नुहोस् है त ।

( चेकको नमुना बनाई त्यहाँ अङ्कको ठाउँमा ७६,३४,९८३ लेखि अक्षरमा लेख्नलाई खाली ठाउँमा छोड्दिने । )

**३. तलको सङ्ख्यालाई ठुलो बाट सानो क्रम मिलाएर लेख्नुहोस् है त ।**

क. २,५६,६७,९५४ ३,४३,८७,४५३ १,३४,००,३४५ ४,४३,९८,७६५ १,३२,९८,८७६

ख. ८,९८,६५,०९८ ८, ७६, ९८,५४३ ८,९८,९८,२९६ ८, ७५,०९,९२१ ८,७४,९८,२९६

## उत्तरकुञ्जिका

१. सात सय पचासी

२. छ सय बयानब्बे

३. क. गाउँ २ ख. गाउँ १ ग. ४३२, ६९२, ७८५ घ. १,९०९

४. एक हजार नौ सय नौ

५. छयानब्बे हजार आठ सय सत्सट्ठी

६. एक लाख चौबिस हजार छ सय सत्चालिस

७. पोखरा महानगरपालिका: दुई लाख सात हजार सात सय बाह्र

चितवन महानगरपालिका: एक लाख पचासी हजार सात सय बाउन्न

विराटनगर महानगरपालिका: एक लाख तेत्तिस हजार एक सय बयालिस

ललितपुर महानगरपालिका: एक लाख बाइस हजार आठ सय नब्बे

८. मतदाता सङ्ख्यालाई ठुलोबाट सानो क्रम मिलाएर लेख्दा :

२,०७,७१२ १,८५,७५२ १,३३,१४२ १,२४,६४७ १,२२,८९० ९६,८६७

९.

| करोड | | लाख | | हजार | | एकाइ | | |
|---|---|---|---|---|---|---|---|---|
| दश करोड | करोड | दश लाख | लाख | दश हजार | हजार | सय | दश | एक |
| | १ | ७ | ७ | ३ | ३ | ७ | २ | ३ |

एक करोड सतहत्तर लाख तेत्तिस हजार सात सय तेइस ।

१०.

अ.

| करोड | | लाख | | हजार | | एकाईहरु | | |
|---|---|---|---|---|---|---|---|---|
| दश करोड | करोड | दश लाख | लाख | दश हजार | हजार | सय | दश | एक |
| | ५ | ६ | ३ | २ | ४ | ९ | ८ | ५ |

पाँच करोड त्रिसट्ठी लाख चौंबिस हजार नौ सय पचासी

आ.

| करोड | | लाख | | हजार | | एकाईहरु | | |
|---|---|---|---|---|---|---|---|---|
| दश करोड | करोड | दश लाख | लाख | दश हजार | हजार | सय | दश | एक |
| | ५ | ६ | ३ | २ | ४ | ९ | ८ | ५ |

आ.

| करोड | | लाख | | हजार | | एकाइ | | |
|---|---|---|---|---|---|---|---|---|
| दश करोड | करोड | दश लाख | लाख | दश हजार | हजार | सय | दश | एक |
| | २ | ३ | ९ | ८ | ६ | ३ | ९ | १ |

दुई करोड उनान्चालिस लाख छयासी हजार तिन सय एकानब्बे ।

| करोड | | लाख | | हजार | | एकाइ | | |
|---|---|---|---|---|---|---|---|---|
| दश करोड | करोड | दश लाख | लाख | दश हजार | हजार | सय | दश | एक |
| | ९ | ० | ८ | ६ | ३ | ७ | ४ | २ |

नौ करोड आठ लाख त्रिसट्ठी हजार सात सय बयालिस ।

| करोड | | लाख | | हजार | | एकाइ | | |
|---|---|---|---|---|---|---|---|---|
| दश करोड | करोड | दश लाख | लाख | दश हजार | हजार | सय | दश | एक |
| | १ | ० | ० | ३ | ४ | ० | ० | १ |

एक करोड चौंतिस हजार एक ।

| करोड | | लाख | | हजार | | एकाइ | | |
|---|---|---|---|---|---|---|---|---|
| दश करोड | करोड | दश लाख | लाख | दश हजार | हजार | सय | दश | एक |
| | ८ | ७ | ६ | ० | ० | ४ | २ | ३ |

आठ करोड छयत्तर चार हजार तेइस ।

११.

क. ३,९८,६४५ ✓

ख. ५३,०९,६५३ ✓

ग. ५,२१,८७,०३१ ✓

घ. ३,७८,६५,४९५ ✓

ङ. ५,४८,६५,४९५ ✓

१२. गाउँ २ - ६५,००,६३१ गाउँ ३ - २,०७,४०,५४३

१३.

क. ९,५७,१२,५४३ ख. ५,३४,८९३ ग. २,६५,४५५ घ. ७,१६,२२,००१ ङ. ४५,९६,०३,८००

१४.

क. २०,९८,४५३ ख. ९,७४,३०,२१७ ग. ६,५२,९८,६५१ घ. २,१०,०५,४०० ङ. ५,००,८०,००९

१५.

क. ६चारओटा ख. ९० ओटा ग. ८७ओटा घ. ४४ओटा ङ. तीनओटा

१६.

क. सातओटा ख. चारओटा ग. ० ओटा घ. दुईओटा ङ चारओटा

१७.

क. १०० ओटा ख. १०० ओटा ग. १०,००० ओटा

१८.

क. ७ ख. ९ ग. १ घ. ८ ङ. २

१९.

क. ५ ख. ६ ग. १ घ. ९ ङ. ६

२०.

क. दश हजार　　ख. लाख　　ग. करोड　　घ. दश लाख　　ङ. करोड

२१.

क. ९३८७६३४५ = ९ “ १,00,00,000 + ३ “ १0,00,000 + ८ “ १,00,000 + ७ “ १0,000 + ६ “ १,000 + ३ “ १00 + ४ “ १0 + ५ “ १

ख. ६७९0४५७४ = ६ “ १,00,00,000 + ७ “ १0,00,000 + ९ “ १,00,000 + 0 “ १0,000 + ४ “ १,000 + ५ “ १00 + ७ “ १0 + ४ “ १

ग. ४५६२३९१६ = ४ “ १,00,00,000 + ५ “ १0,00,000 + ६ “ १,00,000 + २ “ १0,000 + ३ “ १,000 + ९ “ १00 + १ “ १0 + ६ “ १

घ. ८१९२३४७६ = ८ “ १,00,00,000 + १ “ १0,00,000 + ९ “ १,00,000 + २ “ १0,000 + ३ “ १,000 + ४ “ १00 + ७ “ १0 + ६ “ १

ङ. १२३२९८७२ = १ “ १,00,00,000 + २ “ १0,00,000 + ३ “ १,00,000 + २ “ १0,000 + ९ “ १,000 + ८ “ १00 + ७ “ १0 + २ “ १

पाठ
२

# करोडसम्मका सङ्ख्याको जोड घटाउ

## सिकाइ क्रियाकलाप

पेम्बाले आफ्नो गाउँपालिकाबाट आफूले प्रस्ताव गरेको बजेट पाँच वर्षसम्म वार्षिक केही रुपमा पाउने भइन् र उनले अठोट गरेअनुरुप गाउँमा विकास निर्माणका कामहरु सुरू गरिन् । उनको कामको थालनी देखेर सबै गाउँले खुसी भए ।



पेम्बाले गाउँको खोला छेउमा रहेको खाली जग्गामा वृक्षरोपण गर्ने सोच बनाइछन् । खोलाको छेउमा रूख रोप्दा के के फाइदा हुन्छ, एकछिन सोच्नुहोस् है त ।

उनले खोलाको छेउमा रहेको वर्गाकार जग्गामा टिकको रूख रोप्ने योजना बनाइछन् । डिक ३, ३ मि. को फरकमा रोप्दा राम्रो हुने थाहा पाएपछि त्यहीअनुसार रूख रोप्ने योजना बन्यो । खाली जग्गाको लम्बाइ र चौडाइ बराबर रहेछ । नापेर हेर्दा जग्गाको लम्बाइ २७ मि. रहेछ । अब एक लाइनमा कति बिरूवा रोप्न मिल्छ होला, एकछिन सोचौँ है त ।

नौओटा मिल्छ होला कि १० ओटा मिल्छ होला ?

हो तपाईंले सही भन्नुभयो । १० ओटा मिल्छ । त्यसै गरी चौडाइतिर कतिओटा बिरूवा रोप्न मिच्छ होला ?

हो तपाईले सही भन्नुभयो, लम्बाइ र चौडाइ बराबर भएकाले चौडाइतिर पनि १० ओटै मिल्छन् ।




अब हामी त्यो खेतमा जम्मा कतिओटा बिरूवा रोप्न मिल्ने रहेछ, एकछिन सोचौं है त ।

लम्बाइतिर १० ओटा र चौडाइतिर १० ओटा भएकाले

जम्मा बिरूवा = १० X १०

= १००

यहाँ आएको १०० लाई हामी वर्ग सङ्ख्या भन्छौं । कुनै एक सङ्ख्यालाई त्यही सङ्ख्याले गुणन गर्दा आउने गुणनफल( लाई त्यस सङ्ख्याको वर्ग सङ्ख्या भनिन्छ । यहाँ १० ले १० लाई गुणन गर्दा १०० आएकाले १०० वर्ग सङ्ख्या हो ।

१. अब हामी तल दिएका सङ्ख्याको वर्ग सङ्ख्या निकालौँ है त ।

क. ४

४ को वर्ग सङ्ख्या = ४ X ४

= १६

ख. १

ग. ३

घ. ५

ङ. ६

च. ८

२. तल दिएका मध्ये कुन कुन वर्ग सङ्ख्या हो चिन्नुहोस् है त ।

क. १

ख. ४

ग. ६

घ. ८

ङ. ९

३. अब हामी तल दिएका प्रश्नको हल गर्ने प्रयास गरौँ है त ।

क. कमलेश्वरले आफ्नो वर्गाकार खेतमा आँप रोप्ने योजना बनाएछन् । यदि एक लाइनमा आठओटा बिरूवा रोप्न मिल्छ भने उनको खेतमा कतिओटा आँपको बिरूवा रोप्न मिल्छ ?

ख. एक लाइनमा नौओटा बिरूवा पर्ने गरी सुभद्राले आफ्नो वर्गाकार खेतमा भन्टाको बिरूवा सार्नु छ भने कतिओटा बिरूवा चाहिएला ?

ग. रमिताले ५० ओटा करेलाको बिरूवा किनेर ल्याइछन् । उनले ती विरूवा आफ्नो वर्गाकार खेतमा रोप्दा एउटा बिरूवा बढी भएछ भने एक लाइनमा कतिओटा करेलाको बिरूवा रोपिन् होला ?

घ. १ देखि १०० सम्म कतिओटा वर्ग सङ्ख्या छन् होला ?

पेम्बाले गाउँ २ मा पानीको धारा दिनका लागि पानी ट्याङ्कीको निर्माण गर्नु पर्ने भयो । उनीहरुले इन्जिनियरको सल्लाह अनुसार घनाकार पानी ट्याङ्की बनाउने भए । घनाकार भनेको लम्बाइ, चौडाइ र उचाण बराबर भएको बस्तु हो । इन्जिनियरको सल्लाहअनुसार ट्याङ्कीको लम्बाइ ३ मि. हुने भयो । अब हामी ट्याङ्कीको आयतन निकालौँ है त ।



ट्याङ्कीको आयतन = लम्बाइ X चौडाइ X उचाइ

= ३ X ३ X ३

= २७ घन मि.

अब १ घन मि. मा १००० लिटर पानी अटाउँछ भने २७ घन मि. को ट्याङ्कीमा कति पानी अटाउँछ होला ?

माथिको जस्तै हामीले कुनै पनि सङ्ख्यालाई तीनपटक गुणा गर्दा आउने गुणनफललाई घन सङ्ख्या भनिन्छ । माथि २७ घन सङ्ख्या हो ।

४. अब हामी तलको सङ्ख्याको घन सङ्ख्या निकालेर हेरौँ है त ।

क. २

ख. ४

ग. ५

घ. ७

ङ. १०

५. अब तलका सङ्ख्यामध्ये कुन कुन घन सङ्ख्या हुन् भन्नुहोस् है त । कापीमा लेखेर पनि गर्न सक्नु हुन्छ है त ।


क. ८ ख. ९ ग. २५ घ. १२५ ङ. ६४ च. ११६ छ. २१६ ज. ६२५

६. यदि तपाईंले कुनै घन सङ्ख्या लिनुभयो र त्यसमा ६१ जोड्नुभयो भने अर्को एउटा घन सङ्ख्या आउँछ । के तपाईं त्यो सङ्ख्या पत्ता लगाउन सक्नुहुन्छ ? एकपटक प्रयास गर्नुहोस् है त ।

७. १ देखि १०० सम्म कतिओटा घन सङ्ख्या छन् होला ?

सङ्गीताको घर गाउँ १ मा पर्छ । उनी त्यहाँको अगुवा कृषक हुन् । उनको खेत चित्रमा देखाएको जस्तो आयातकार रहेछ । उनले आफ्नो खेतको एक चौथाइ भागमा काउलीको बेर्ना रोप्ने भइछन् भने तलको चित्रमा तपाइँ एक चौथाइ ( १/४ ) भाग देखाउन सक्नुहुन्छ ?

यदि तपाईंले बनाएको चित्र तलको चित्र जस्तो आयो भने तपाईंलाई बधाई छ । आएन भने नि चिन्ता नमान्नुहोस् है । बिस्तारै सिकिहाल्नुहुन्छ नि ।




अथवा




(माथिको चित्र खेतको चित्र जस्तो बनाउने )

८. अब हामी तलको चित्रमा रङ्यगाएको भागलाई  भिन्नमा लेख्ने प्रयास गरौँ है त ।

क.



ख.



यहाँ, रङ्ग्याएको भाग = ३

जम्मा भाग = ४

रङ्ग्याएको भागको भिन्न = ३/४

( यो चित्रलाई रोटी बनाउने )

ग.



घ.




( यो चित्रलाई लौरो बनाउने )


ङ.




च.




छ.



ज.




माथिका चित्रहरुमा सबै भाग बराबर छन् । यदि भागहरु बराबर छैनन् भने त्यसलाई भिन्नमा अभिव्यक्त गर्न सकिँदैन है । तलको चित्रमा सबै भाग बराबर छैनन् । यदि कुनै एउटा भाग रगाउने हो भने रङ्ग्याएको भागलाई १/४ लेख्न मिल्दैन है ।



९. अब तलको भिन्नलाई चित्रमार्फत देखाउने प्रयास गर्नुहोस् है त ।

क. १/२  ख. २/३  ग. २/४  घ. १/४  ङ. ३/८  च. ४/९

१०. अब हामी तलको दुई ओटा चित्र हेरौँ अनि छायाँ परेको भागको भिन्न लेखौँ है त ।



हो तपाईंले पक्कै पनि सही लेख्नु भयो होला । पहिलो ले १/१० जनाउँछ भने दोस्रोले २/१० जनाउँछ । अब एकछिन विचार गरौँ त, यी दुईओटा भिन्नमध्ये कुन ठुलो होला ?

अवश्य पनि २/१० ठुलो हो किनकि १० ओटा बराबर सानो कोठामध्ये दुईओटामा रङ गरिएको छ । यसलाई हामीभन्दा ठुलो '>' चिह्नले पनि जनाउन सक्छौँ । जस्तै २/१० > १/१०

११. तलको भिन्न तुलना गरी कोठामा > भन्दा ठुलो वा ? भन्दा सानो राख्नुहोस् :


| | | |
|---|---|---|
| क. ३/४ | | २/४ |
| ख. १/५ | | ३/५ |
| ग. ६/१० | | ९/१० |
| घ. ३४/४० | | २१/४० |

१२. तलको भिन्नलाई सानोदेखि ठुलो क्रम मिलाएर लेख्ने प्रयास गर्नुहोस् है ।

क. ३/४ , २/४  ख. ५/११ , ३/११ , ६/११  ग. ३/७ , ६/७ , ४/७

घ. ५/१३ , ४/१३ , ३/१३  ङ. ८/२० , ९/२० , ६/२०

अब हामी तलका तीनओटा चित्र हेरौँ है त ।



अब यी चित्रमा रङ्ग्याएको भागको भिन्न लेख्नुहोस् है त ।

के हामी  यी तीनओटा भिन्न तुलना गर्न सक्छौ ? यदि सक्छौ भने यी तीनओटा भिन्नमध्ये कुन ठुलो होला ?

१/२ ,     २/४     र     ४/८  लेख्दा फरक जस्तो देखिए पनि तीनओटै चित्रमा रङ्ग्याएको भाग बराबर छन् ।    त्यसैले , १/२  = २/४ = ४/८  सबैले एउटै भिन्न जनाउछन् ।

यसरी एउटै भिन्नसँग बराबर भएका अरू भिन्नलाई समतुल्य भिन्न भनिन्छ है । माथि २/४ र ४/८,  १/२ को समतुल्य भिन्न हुन् ।

१३. अब तल दिएका भिन्नलाई चित्रमा देखाई कुन कुन भिन्न बराबर छन्, पत्ता लगाउनुहोस् है त ।

क. १/३   र   २/६     ख. १/२  र ५/१०     ग. १/४ र २/६     घ. २/३ र ३/६


ङ. २/५ र ४/१०


१४.तल दिइएको भिन्नको एक एकओटा समतुल्य भिन्न लेख्ने कोसिस गर्नुहोस् है त ।

क. २/४ ख. ३/५ ग. २/७ घ. ३/८ ङ. ४/९

१५. के तपाइँ अब ३/५ र ३/८ तुलना गरी कुन ठुलो भन्न सक्नुहुन्छ ? एकपटक चित्र बनाएर प्रयास गर्नुहोस् है त ।

यसरी चित्र बनाउँदा कुन चित्रमा धेरै रङ्ग्याएको देखिन्छ ? हो, तपाइँले सही भन्नुभयो । पहिलो चित्रमा रङ्ग्याएको भाग धेरै छ, त्यसैले ३/५ ठुलो हो ।





भिन्नमा माथि लेखिएको अङ्कलाई अंश र तल लेखिएको अङ्कलाई हर भानिन्छ । जस्तै (३ )/(५ ) मा ३ लाई अंश र ५ लाई हर भानिन्छ । माथिको चित्र हेरेर हामीलाई के थाहा भयो भने यदि कुनै दुईओटा भिन्नको अंश बराबर छ तर हर फरक छ भने जुन भिन्नको हर सानो छ, त्यही भिन्न ठुलो हुने रहेछ ।

१६. अब हामी तल दिइएको भिन्नमा कुन ठुलो कुन सानो छुट्याउने प्रयास गरौँ है त ।

क. ३/४ र ३/६ ख. ५/६ र ५/८ ग. ७/१० र ७/९ घ. ९/११ र ९/१२

ङ. ८/१५ र ८/१०

१७. अब एक पटक फेरि तलको चित्र हेरौँ है त ।




पहिलो चित्रमा रङ्ग्याएको भागले १०/१० जनाउँछ जुन एक पूरा छ र दोस्रो चित्रमा रङ्ग्याएको भागले १/१० जनाउँछ जसलाई हामी एक दशांश पनि भन्छौँ ।

र १/१० = ०.१ हुन्छ ।

यसरी हेर्ने हो भने १ पूर्णाङ्क = १० दशांश हुन्छ ।

अब अर्को चित्र हेरौँ है त ।



यो चित्रमा रङ्ग्याएको भागले कति देखाउछ होला ?


हो, तपाईंले सही भन्नु भयो । रङ्ग्याएको भागले १/१०० जनाउँछ । यसलाई हामी एक सयांश पनि भन्छौँ ।

अब तपाईं एकछिन सोच्नुहोस् त ..... १/१०० बराबर कति हुन्छ होला ?

हो, १/१०० बराबर ०.०१ हुन्छ

१९. अब हामी तलको उदाहरण हेरेर रङ्ग्याएको भागलाई दशांश वा सयांशमा लेख्ने कोसिस गरौँ है त ।

क.




यहाँ रङ्ग्याएको भाग = २

जम्मा भाग = १०

त्यसैले, दुई दशांश

ख.




यहाँ रङ्ग्याएको भाग = ३५


जम्मा भाग = १००

त्यसैले, पैँतिस सयांश


ग.




घ.




ङ.




च.




छ.




ज.



झ.



ञ.



१९. तलको उदाहरण हेरी त्यसै गरी लेख्ने प्रयास गर्नुहोस् है त ।

क. १.२ = १ पूर्णाङ्क र २ दशांश = १० दशांश + २ दशांश = १२ दशांश

ख. ०.३५ = ३५ सयांश

ग. ३.४ घ. ०.६७ ङ. २.१ च. ०.५८ छ. १.२६

२०. अब हामी तलका अन्य केही उदाहरण पनि हेरौँ है त ।

क. ४५ दशांश = ४० दशांश र ५ दशांश

= ४ + ०.५

= ४.५

ख. ६७ सयांश = ६ दशांश र ७ सयांश

= ०.६ + ०.०७

= ०.६७

अब उदाहरणमा जस्तै गरी लेख्नुहोस् है त ।

३२ दशांश, ६५ दशांश, ७८ दशांश, १२ सयांश, ९८ सयांश, ६७सयांश

**अब यस पाठको अन्त्यमा आफूले आफूलाई जाँचेर हेर्नुहोस् है त ।**


१. तलका सङ्ख्याहरुको वर्ग सङ्ख्या पत्ता लगाउनुहोस् :

क. १ ख. ९

२. तलका सङ्ख्याहरुको घन सङ्ख्या पत्ता लगाउनुहोस् :

क. २ ख. ७

३. छेउमा एउटा चेस बोर्डको चित्र दिइएको छ । उक्त चित्रमा कतिओटा कोठा छन्, पत्ता लगाउनुहोस् । कोठाको सङ्ख्या पत्ता लगाउँदा सबै कोठा नगनेर वर्ग सङ्ख्याको अवधारणाअनुसार पत्ता लगाउनुहोस् है त ।



४. तलको भिन्नलाई चित्रमा रङ्गाएर देखाउनुहोस् है त ।

क. ५/८ ख. ३/१२

५. ३/५ को कुनै दुईओटा समतुल्य भिन्न लेख्नुहोस् है त ।

६. १५ सयांश भनेको के होला ?

७. तलका भिन्न मध्ये कुन भिन्न ठुलो छ ? ( चित्र बनाएर पनि तुलना गर्न सक्नुहुन्छ है )

क. २/६ र ३/६ ख. १०/१५ र १२/१५ ग. ३/६ र ६/१२ घ. ७/१२ र ७/१५ ङ. ९/१८ र ९/१०

# उत्तरकुञ्जिका

१.

ख. १ ग. ९ घ. २५ ङ. ३६ च. ६४

२. वर्ग सङ्ख्या

क. १ ख. ४ ङ. ९

३.

क. १६ ओटा ख. ८१ ओटा ग. सातओटा घ. १० ओटा

४. क. ८ ख. ६४ ग. १२५ घ. ३४३ ङ. १०००

५. ख. ९ घ. १२५

६. ४

७. ४

८. ख. १/५ ग. १/२ घ. १/३ ङ. ६/८ च. ३/६ छ. १/२ ज. १/४

९. चित्र बनाउन आफै प्रयास गर्नुहोस् है त ।

११. क. > ख. < ग. < घ. >

१२. क. २/४ ३/४ ख. ३/११ , ५/११ , ६/११ ग. ३/७ , ४/७ , ६/७
घ. ३/१३ , ४/१३ , ५/१३ ङ. ६/२० , ८/२० , ९/२०

१३. क, ख, ङ का भिन्नहरु बराबर छन् ।

१४.तपाइँ आफैँ प्रयास गर्नुहोस् है ।

१६. क. ३/४ ठुलो ख. ५/६ ठुलो ग. ७/९ ठुलो घ. ९/११ ठुलो ङ. ८/१० ठुलो


१८.ग. दुई दशांश घ. तीन दशांश ङ. छ दशांश च. छ दशांश
छ. चालिस सयांश ज. पच्चिस सयांश झ. तीन सयांश ञ. सात सयांश

१९ र २० को आफैँ प्रयास गर्नुहोस् है ।

# पाठ ३ भिन्न

## सिकाइ क्रियाकलाप




क. माथिको चित्रमा गाउँ २, गाउँ १ को कुन दिशामा पर्छ होला ?

ख. गाउँ २ को दक्षिणतिर कुन गाउँ होला ?

ग. गाउँ ३ को पश्चिममा के छ ?

कुनै पनि ठाउँको नक्सा हेर्दा हामीले नक्सामा राखिएको दिशा जनाउने सङ्केत हेर्नु पर्छ। सङ्केत  तल दिएको जस्तो हुन्छ। सङ्केत मा N ले उत्तर, S ले दक्षिण, E ले पूर्व र W ले पश्चिम जनाउँछ। उत्तरतिर फर्किएर बस्दा दाहिने हात जुन दिशातिर पर्छ, त्यो सधैँ पूर्व दिशा हुन्छ।


अब हामी माथिको प्रश्नको जवाफ फेरि एक पटक भन्ने प्रयास गरौँ त। पक्कै पनि तपाईंले सही भन्नुभयो होला।

क. गाउँ २, गाउँ १ को पश्चिम दिशामा पर्छ।

ख. गाउँ २ को दक्षिणतिर गाउँ ३ छ।

ग. माथि चित्रमा गाउँ ३ को पश्चिममा केही पनि देखिँदैन।

१. अब हामी तलको ठाउँको चित्र हेरेर दिएको प्रश्नको जवाफ दिने कोसिस गरौं है त :




क. विर्तामोडको उत्तर तिर कुन ठाउँ पर्छ होला ?

ख. तपाईं अहिले विर्तामोडमा हुनुहुन्छ । तपाईंलाई कन्काई जानुपर्यो भने कुन दिशातर्फ जानुपर्छ होला ?

ग. बुधबारेको दक्षिणमा कुन ठाउँ पर्छ होला ?


घ. खुदुनाबारीबाट महमाई टाढा पर्ला कि बुधबारे ?

ङ. तलको खाली ठाउँमा तपाईंको गाउँ/टोलमा भएका मुख्य मुख्य क्षेत्र ( जस्तै : बाटो, विद्यालय, मन्दिर, पार्क, अस्पताल, बस बिसौनी आदि ) राखेर आफ्नो गाउँको नक्सा तयार गर्न कोसिस गर्नु है त ।

के तपाईंलाई गुगल म्याप कसरी प्रयोग गर्ने थाहा छ ? थाहा छ भने धेरै राम्रो, छैन भने गुगल म्याप के हो र कसरी प्रयोग गर्ने भनेर जानकारी लिऊँ है त ।

गुगल म्याप स्मार्ट फोनमा हुने एउटा एप हो । यो तपाईंको मोबाइल फोनमा छेउमा देखाएजस्तो देखिन्छ ।


यसले हामीलाई दिशासम्बन्धी धेरै जानकारीहरु दिन्छ ।




१. सबैभन्दा पहिले हामीले आफ्नो मोबाइलको लोकेसन ( ) अन गर्नुपर्छ ।

२. हामीले यसमा क्लिक गर्यौं भने छेउमा देखाए जस्तो स्क्रिन आउछ । ( यो चित्रमा भएको मान्छेको फोटोलाई हटाउनुपर्ने छ । )

३. त्यस पछि चित्रमा भएको लाई क्लिक गर्दा तपाइँ अहिले जहाँ हुनुहुन्छ त्यही स्थान देखा पर्छ र देखाइए जस्तो स्क्रिन आउँछ ।





४. अहिले तपाइँ गोलो ( ) भएको स्थानमा हुनुहुन्छ । त्यो भनेको तपाइँ अहिले खुदुनाबारीमा हुनुहुन्छ । यो गोलो मोबाइलमा हरियो रङको देखिन्छ ।

५.

६. यो चिह्नमा भएको माथिल्लो पट्टिको चुच्चाले उत्तर दिशा जनाउँछ । मोबाइलमा हेर्दा यो रातो रङको देखिन्छ । अन्य दिशा त्यही रातो चुच्चालाई आधार मानेर चिन्नुपर्छ है ।

७. तपाईंले आफू भएको ठाउँबाट अन्य ठाउँ जानु परे यो चिह्नमा क्लिक गर्नुपर्छ । यो चिह्नमा क्लिक गरेपछि तलको जस्तो स्क्रिन आउँछ ।




८. त्यहाँ तल्लो बाकसमा तपाइँ जान खोज्नुभएको ठाउँ टाइप गर्नुहोस् । त्यसो गर्नुभयो भने तपाइँ अहिले भएको ठाउँ बाट जानु पर्ने ठाउँको बाटो देखा पर्छ है ।

यसरी तपाइँ आफ्नो ठाउँबाट अन्य कतै जानु पर्ने भए यो म्यापको प्रयोग गर्न सक्नु हुन्छ । मोबाइलमा भएको यो एप चलाउन थाल्नुभयो भने यसमा भएका अन्य प्रयोग पनि तपाइँ सिक्दै जानुहुने छ है । आफूले गुगल म्याप हेर्न सिकेपछि तपाईंलाई आफू भएको ठाउँबाट अन्य ठाउँ जानुपर्ने भए गुगल म्याप हेर्ने बानी गर्नुहोस् है ।

## परियोजना कार्य

आफूले गुगल म्याप हेर्न सिकेपछि तपाइँ अर्को एक जना साथी वा परिवारको सदस्यलाई हेर्न सिकाउनुहोस् है त ।

गाउँ २ मा पिउने पानीको धारा जडानका निम्ति सामग्री किन्दाखेरी एक जना ग्राहकको तलको जस्तो बिल आएछ । हामी त्यो बिललाई एक पटक हेरौँ है त ।




(८ माथिको बिल नमुनाका लागि मात्र राखिएको हो । मोड्युल बनाउँदा तलको तालिकामा भएको कुरा राखेर माथिको जस्तै बिल बनाउनुहोला )

बिल न.

सुरज हार्डवेयर
जितपुर, इलाम

ग्राहकको नामः मेनुका राई
मितिः २०७९/ ०१ / ०५

ठेगानाः गाउँ २, इलाम

| क्र.स. | विवरण | परिमाण | दर | मूल्य | |
|---|---|---|---|---|---|
| १. | | धाराको टुटी | १ | २५० | २५० |
| २. | | सिल टेप | ३ | १८० | ५४० |
| ३. | | पाईप | ८ (मिटर) | ७५७ (प्रतिमिटर) | ६,०५६ |
| ४. | | एल्बो जोइन्ट | १ | १,३४८ | १,३४८ |
| | | जम्मा | | ८,१९४ | |

विक्रेता

भुलचुक लिने दिने

२. अब हामी माथिको बिल हेरेर तलका प्रश्नको जवाफ दिने कोसिस गरौँ है त ।

क. माथिको बिलअनुसार कसले सामग्री किनेको हो ?

ख. माथिको बिलअनुसार सामग्री बिक्री गर्ने पसलको नाम के हो ?

ग. मेनुकाले कति प्रकारका सामग्री किनिछन् त ?

घ. मेनुकाले कुन सामग्री किन्नमा सबै भन्दा कम पैसा खर्च गरिछन् ?

ङ. सिल टेपको मूल्य कसरी रू. ५४० भयो ?

च. मेनुकाले जम्मा कति पैसा खर्च गरिछन् त ?

छ. भुलचुक लिने दिने भन्नाले तपाईंले के बुझ्नुभयो त ?

ज. हार्डवेयरमा कस्ता कस्ता सामग्री बेच्न राखिन्छन् नि ?


पक्कै पनि तपाईंले माथिका प्रश्नहरु उत्तर दिनुभयो होला । अब तपाइँ एकछिन सोच्नुहोस् त सामान किनेपछि किन हामीले माथिको जस्तै बिल लिनुपर्छ ?

हो तपाईंले सही भन्नुभयो । हामीले कुन कुन सामग्री किनेछौ भनेर जानकारी राख्न, खर्च कति भए छ भनेर जानकारी राख्न साथै हामीले किनेको सामानमा केही खराबी भए साट्न बिलले प्रमाणको रुपमा काम गर्छ । सरकारले विभिन्न सामानमा कर लगाएको हुन्छ । यदि हामीले सामान किनेपछि बिल लियौ भने सरकारले सामानमा लगाएको कर पाउँछ । त्यसैले हामीले सरसामान किनेपछि बिल माग्ने बानी लगाउनुपर्छ है त ।

पेम्बाले स्थानीय तहको निर्वाचनमा तल दिएअनुरुप मत प्राप्त गरिछन् ।

| गाउँ | प्राप्त मत |
|---|---|
| १ | २५० |
| २ | ४०० |
| ३ | ३०० |

माथिको तालिकाबाट प्राप्त सूचनालाई स्तम्भ लेखाचित्रमा देखाउँदा




३. अब हामी माथिको स्तम्भ लेखाचित्र हेरेर तलका प्रश्नका उत्तर दिने प्रयास गरौं है त ।

क) पेम्बालाई सबै भन्दा बढी मत कुन गाउँ बाट प्राप्त भएछ ?

ख) पेम्बालाई सबै भन्दा कम मत कुन गाउँबाट प्राप्त भएछ ?

ग) पेम्बालाई जम्मा कति मत प्राप्त भएछ ?

घ) गाउँ १ भन्दा गाउँ २ ले पेम्बालाई कति मत धेरै दिएछ होला ?


ङ) स्तम्भ लेखा चित्रमा ठाडो र तेर्सो रेखाले के के जनाएका छन् होला ?

च) पेम्बाले प्राप्त गरेको मतलाई सानोबाट ठुलो क्रम मिलाएर लेख्नुहोस् है त ।

४. अब हामी एकछिन सोचौं है त .......हामीले तालिकामा दिएको सूचनालाई स्तम्भ लेखाचित्र देखाउँदा के फाइदा हुन्छ होला ?

तपाईंले पक्कै पनि सही सोच्नु भयो होला । स्तम्भ लेखाचित्रमा सूचनाहरु देखाउंदा हामीलाई बुझ्न र तुलना गर्न सजिलो हुन्छ ।

५. योगेन्द्रकुमार गाउँ १ का मिहिनाती किसान हुन् । उनको १ बिगाहा जमिन छ । त्यसमा उनले विभिन्न किसिमका अन्नबाली रोप्छन् र राम्रो उब्जनी गराउँछन् । उनले एक वर्षमा के कति अन्न बालीको उब्जनी गरे भनेर तलको स्तम्भ लेखाचित्रमा देखाइएको छ । हामी  स्तम्भ लेखाचित्र हेरेर तलका प्रश्नका  उत्तर दिने प्रयास गरौं है त ।




क. योगेन्द्रकुमारले एक वर्षमा कति के.जी.. धान उत्पादन गर्ने रहेछन् त ?

ख. योगेन्द्रकुमारले एक वर्षमा कति के.जी. फापर उत्पादन गर्ने रहेछन् त ?

ग. योगेन्द्रकुमारले आफ्नो जमिनमा कुन कुन अन्न बाली रोप्ने गरेका रहेछन् त ?

घ. एक वर्षमा सबैभन्दा बढी र सबै भन्दा कम कुन बाली उत्पादन हुने रहेछ ?

ङ. योगेन्द्रकुमारले उत्पादन गरेको सबै फापर रू. १२० प्रति के.जी. को दरले बेचे भने कति पैसा आम्दानी गर्छन् होला ?

च. सबैभन्दा धेरैबाट सबैभन्दा कम उत्पादन हुने बालीको नाम क्रम मिलाएर लेख्नुहोस् है त ।

स्तम्भ लेखाचित्र बनाउँदा तेर्सो रेखामा चलराशि (माथिको उदाहरणमा अन्नबाली) राख्नु पर्छ र ठाडो रेखामा सङ्ख्या राख्नु पर्छ (माथिको उदाहरणमा उत्पादन भएको परिमाणको सङ्ख्या) । स्तम्भको चौडाइ बराबर र दुई स्तम्भबीचको दुरी बराबर हुनुपर्छ। ठाडो रेखामा सङ्ख्या राख्दा बराबर दुरी र एउटै एकाइमा व्यक्त गर्नुपर्छ है त ।

६. गाउँ २ मा बस्ने शान्ताले आफ्नो घरसहित अन्य ५ घर छिमेकीमा कुन कुन गाईबस्तु पालेका रहेछन् भनेर सवेक्षण गरिछन् र आएको सूचनालाई तलको तालिका राखिछन्। अब तपाइँ तालिकामा दिइएको सूचनालाई स्तम्भ लेखाचित्रमा देखाउने कोसिस गर्नुहोस् है त । तपाईंलाई स्तम्भ लेखाचित्र बनाउन सजिलो होस् भनेर तल ग्राफ पनि राखिएको छ है ।

| गाईबस्तु | सङ्ख्या |
|---|---|
| भैँसी | २ |
| गाई | ४ |
| बाख्रा | ७ |
| सुँगुर | ३ |

(यस तालिकाको जानकारीलाई ठाडो रेखामा १ कोठा = १ ओटा गाईबस्तु लिएर स्तम्भ लेखाचित्र बनाउनुहोस् है त ।)

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## परियोजना कार्य

आफ्नो छिमेकको कम्तिमा १० घर डुलेर उनीहरुको घरमा कुन कुन गाईबस्तु कति कति ओटा पालेको रहेछ भनेर सर्वेक्षण गरी तलको तालिका भर्नुहोस् र उक्त तालिकाको सूचनालाई स्तम्भ लेखाचित्रमा देखाउनुहोस् है त ।

| गाईबस्तु | सङ्ख्या |
|---|---|
| भैसी | |
| गाई | |
| बाख्रा | |
| सुँगुर | |
| अन्य | |

(* भैसी, गाई, बाख्रा, सुँगुर बाहेक अन्य कुनै भए 'अन्य' मा राख्नु पर्छ है त । )

तपाईंहरुले के के सिक्नुभयो त, आउनुहोस् एक छिन स्मरण गरौँ है त ।

१. कुनै पनि ठाउँको नक्सा हेर्दा सुरूमा हामीले कुन दिशा पत्ता लगाउनुपर्ने रहेछ ?

२. कुनै पनि ठाउँको नक्सा हेर्न जान्यो भने हामीलाई के फाइदा हुन्छ होला ?

३. तपाईंले कुनै कार्यालय, विद्यालय आदि ठाउँमा जाँदा स्तम्भ लेखाचित्र देख्नुभएको छ ? छ भने उक्त स्तम्भ लेखाचित्र कहाँ देख्नुभयो र त्यो केको बारेमा थियो ?

४. घरमा बिल लिनुको फाइदाको बारेमा छलफल गर्नुहोस् है । साथै घरका सम्पूर्ण परिवारको सदस्यलाई सरसामान किन्दा बिल लिने बानी बसाल्न मदत गर्नुहोस् है त ।

# उत्तरकुञ्जिका

१. क. खुदुनाबारी ख. पश्चिम ग. दुवागढी घ. महमाई

२. क. मेनुका राई ख. सुरज हार्डवेयर ग. चार प्रकारका घ. पाइप
ङ. ३ र १८० गुणन गरेर च. ८,१९४ छ. तपाईं आफैँ उत्तर दिने प्रयास गर्नुहोस् है
ज. नजिकैको हार्डवेयरमा गएर सोधेर पत्ता लगाउनुहोस् है ।

३. क. गाउँ २ ख. गाउँ १ ग. ९५० घ. १५०
ङ. ठाडाले प्राप्त मत सङ्ख्या र तेर्सोले गाउँ जनाएको छ । च. २५०, ३००, ४००

५. क. २००० के.जी. ख. ५०० के.जी. ग. धान, मकै, गहुँ, तोरी, फापर घ. धान
ङ. रू.६०,००० च. धान,गहुँ, मकै, फापर, तोरी

६. आफैँ प्रयास गर्नुहोस् है त ।

पाठ ४

# बिल, ग्राफ र नक्सा



## सिकाइ क्रियाकलाप

गाउँ १ की निराले एक वर्षमा गाईको दुध बेचेर रू २४,१६४ र घिउ बेचेर रू १२,४३२ आर्जन गरिछन् भने उनले एक वर्षमा जम्मा कति आन्दानी गरिछिन् ? तपाइँ उत्तर निकाल्न प्रयास गर्नुहोस् है त । उत्तर निकाल्नुभयो भने धेरै राम्रो, निकाल्न सक्नुभएन भने तल हेर्नुहोस् है त ।

| | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|
| | २ | ४ | १ | ६ | ४ |
| + | १ | २ | ४ | ३ | २ |
| | ३ | ६ | ५ | ९ | ६ |

हामीले जोड्न सुरू एकको स्थानबाट गर्नुपर्छ है त । त्यसपछि क्रमश: दश, सय, हजार र दश हजारमा भएका अङ्कहरु जोड्नुपर्छ ।

निराले एक वर्षमा जम्मा रू ३६,५९६ आम्दानी गरिछन् ।

१. अब तपाइँ तलका प्रश्नका हल गर्नुहोस् है त :

क.

| | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|
| | ३ | ६ | १ | ४ | ५ |
| + | ५ | २ | २ | १ | ४ |

ख.

| | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|
| | ४ | ५ | १ | ६ | ७ |
| + | १ | २ | ४ | २ | २ |

ग.

| | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|
| | ८ | ५ | ४ | ५ | ४ |
| + | १ | ३ | ४ | २ | ३ |

पेम्बाको गाउँ पालिकामा गाउँपालिका अध्यक्षले १६,४८७ मत र उनको निकटतम प्रतिद्वन्द्वीले १५,९३८ मत प्राप्त गरेछन् भने उनीहरु दुई जनाले जम्मा कति मत प्राप्त गरे ? तपाइँ एकपटक उत्तर निकाल्न प्रयास गर्नुहोस् है त । उत्तर निकाल्नुभयो भने धेरै राम्रो, निकाल्न सक्नुभएन भने तलको निकाल्ने तरिका हेर्नुहोस् है त :

| | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|
| | १ | ६ | ४ | ८ | ७ |
| + | १ | ५ | ९ | ३ | ८ |

सुरूमा एक को स्थान बाट जोड्नुपर्छ है ।

७ एक + ८ एक = १५ एक ( १ दश = १० एक )

= १ दश र ५ एक

एक को स्थानमा ५ लेख्नुपर्छ । १ दश चाहिँ दशको स्थानमा आएर जोडिन्छ है ।

| | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|
| | | | | १ | |
| | १ | ६ | ४ | ८ | ७ |
| + | १ | ५ | ९ | ३ | ८ |
| | | | | | ५ |

अब १ दश + ८ दश + ३ दश = १२ दश ( १ सय = १० दश )

= १ सय र २ दश

दशको स्थानमा २ लेख्नुपर्छ । १ सय चाहिँ सयको स्थानमा आएर जोडिन्छ है ।

| | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|
| | | | १ | १ | |
| | १ | ६ | ४ | ८ | ७ |
| + | १ | ५ | ९ | ३ | ८ |
| | | | | २ | ५ |

अब १ सय + ४ सय + ९ सय = १४ सय (१ हजार = १० सय)

= १ हजार र ४ सय

सयको स्थानमा ४ लेख्नुपर्छ । १ हजार चाहिँ हजारको स्थानमा आएर जोडिन्छ है ।

| | | | | |
|---|---|---|---|---|
| | १ | १ | १ | |
| दश हजार | हजार | सय | दश | एक |
| १ | ६ | ४ | ८ | ७ |
| + १ | ५ | ९ | ३ | ८ |
| | | ४ | २ | ५ |

अब १ हजार + ६ हजार + ५ हजार = १२ हजार ( १ दश हजार = १० हजार )

= १ दश हजार र २ हजार

हजारको स्थानमा २ लेख्नुपर्छ है । १ दश हजार चाहिँ दश हजारको ठाउँमा आएर जोडिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| १ | १ | १ | १ | |
| दश हजार | हजार | सय | दश | एक |
| १ | ६ | ४ | ८ | ७ |
| + १ | ५ | ९ | ३ | ८ |
| | २ | ४ | २ | ५ |

अब १ दश हजार + १ दश हजार + १ दश हजार = ३ दश हजार

दश हजारको स्थानमा ३ लेख्नुपर्छ है ।

| | | | | |
|---|---|---|---|---|
| १ | १ | १ | १ | |
| दश हजार | हजार | सय | दश | एक |
| १ | ६ | ४ | ८ | ७ |
| + १ | ५ | ९ | ३ | ८ |
| ३ | २ | ४ | २ | ५ |

यसरी हेर्दा दुई जना उम्मेद्वारले जम्मा ३२,४२५ मत प्राप्त गरेछन् ।

२. अब तलको हिसाब गर्नुहोस् है त :

क.

| दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|
| २ | ४ | १ | ६ | ४ |
| + ७ | ८ | ५ | ४ | ६ |

ख.

| दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|
| | ६ | ५ | ३ | ६ ९ |
| + १ | ८ | ७ | ३ | ८ |

| ग. | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|
| | ७ | ९ | ७ | ४ | ५ |
| | + २ | २ | ५ | ९ | ५ |

| घ. | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|
| | ५ | ४ | ८ | ९ | ४ |
| | + १ | ९ | ४ | २ | ७ |

| ङ. | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|
| | ६ | ५ | ७ | ८ | ६ |
| | + ८ | ८ | ७ | ९ | ८ |

| च. | | | | | |
|---|---|---|---|---|---|
| | २ | ३ | ६ | ८ | ९ |
| | + ९ | ७ | ८ | ३ | २ |

तपाइँ माथिको जस्तै गरी तलको हिसाब गर्न कोसिस गर्नुहोस् है । तपाइँले गर्न सक्नुभयो भने धेरै राम्रो । सक्नुभएन भने पनि चिन्ता लिनुपर्दैन है ।

| लाख | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|
| ७ | ५ | २ | ८ | ६ | ४ |
| + १ | ८ | ७ | ५ | ८ | ७ |

यसमा पहिलो उदाहरण हेरेर पक्कै पनि तपाइँले तल देखाए जस्तो सम्म गर्न सक्नुभयो होला ।

| | | | | | |
|---|---|---|---|---|---|
| १ | १ | १ | १ | १ | १ |
| लाख | दश हजार | हजार | सय | दश | एक |
| ७ | ५ | २ | ८ | ६ | ४ |
| + १ | ८ | ७ | ५ | ८ | ७ |
| | ४ | ० | ४ | ५ | १ |

माथि १ दश हजार + ५ दश हजार + ८ दश हजार = १४ दश हजार (१० दश हजार = १ लाख)

= १ लाख ४ दश हजार

दश हजारको स्थानमा ४ लेख्नुपर्छ । १ चाहिँ लाखको स्थानमा आएर जोडिन्छ ।

त्यसैले १ लाख + ८ लाख + १ लाख = ९ लाख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १ | १ | १ | १ | १ | १ |
| | लाख | दश हजार | हजार | सय | दश | एक |
| | ७ | ५ | २ | ८ | ६ | ४ |
| + | १ | ८ | ७ | ५ | ८ | ७ |
| | ९ | ४ | ० | ४ | ५ | १ |

यो कुरा नबिर्सौं है

१ दश = १० एक

१ सय = १० दश

१ हजार = १० सय

१ लाख = १०० हजार

१ करोड = १०० लाख

३. अब तलको हिसाब गर्ने कोसिस गरौँ है त ।

| क. | | लाख | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|---|---|
| | | ६ | ३ | १ | ८ | ६ | ४ |
| | + | २ | ७ | ७ | ५ | ९ | ८ |

| ख. | | लाख | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|---|---|
| | | ४ | ८ | ३ | ७ | ५ | ९ |
| | + | ४ | ६ | ८ | २ | ७ | ९ |

| ग. | | लाख | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|---|---|
| | | २ | ६ | ६ | ८ | ८ | ३ |
| | + | ८ | ४ | ८ | ४ | ९ | ५ |

घ.

| लाख | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|
| ८ | ८ | ३ | ८ | ६ | ४ |
| + १ | ७ | ९ | ५ | ३ | ७ |
| | | | | | |

ङ.

| लाख | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|
| ९ | ९ | ९ | ९ | ९ | ९ |
| + ९ | ९ | ९ | ९ | ९ | ९ |
| | | | | | |

अब तलको एउटा उदाहरण हेरौँ है त ।

| लाख | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|
| २ | २ | २ | १ | १ | |
| ६ | ९ | ७ | ६ | ६ | ४ |
| १ | ९ | ६ | ७ | ४ | ७ |
| + १ | ५ | ९ | ८ | ५ | ८ |
| १० | ५ | ४ | २ | ६ | ९ |

४. माथिको उदाहरण जस्तै गरी तलका हिसाब गर्नुहोस् है त ।

क.

| लाख | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|
| ४ | ७ | ६ | ६ | ७ | ५ |
| ३ | ८ | ६ | ७ | ४ | १ |
| + २ | ६ | ८ | ३ | ६ | ७ |
| | | | | | |

ख.

| लाख | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|
| ४ | ५ | ६ | १ | २ | ३ |
| ९ | ८ | ७ | ६ | ५ | ४ |
| + २ | ४ | ९ | ८ | ७ | ५ |
| | | | | | |

| ग. | लाख | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|---|
| | ४ | ९ | २ | ६ | ८ | ४ |
| | २ | ९ | २ | ७ | ८ | ३ |
| + | ३ | २ | ९ | ८ | ४ | ८ |

| घ. | लाख | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|---|
| | १ | ८ | ९ | ३ | ४ | ५ |
| | ८ | ७ | ३ | ९ | ८ | ४ |
| + | ८ | ३ | १ | २ | ३ | ८ |

| ङ. | लाख | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|---|
| | २ | ९ | ३ | ८ | ५ | ३ |
| | ५ | १ | ९ | ८ | ५ | २ |
| + | १ | ८ | ९ | ८ | ४ | ९ |

सरिताले थोरै थोरै पैसा जम्मा गरेर रू २१,४५५ बनाएकी रहिछन् । उनले त्यो पैसाबाट रू. १४,९९९ मा एउटा मोबाइल फोन किनिन् भने उनीसँग कति पैसा बाँकी छ होला ? यसको हल गर्न प्रयास गर्नुहोस् है त । यदि तपाईंलाई गर्न अप्ठ्यारो भयो भने तल हल गरिएको छ है ।

| | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|
| | २ | १ | ४ | ५ | ५ |
| - | १ | ४ | ९ | ९ | ९ |

क. सुरूमा एकको स्थानबाट घटाउनुपर्छ । यहाँ ५ बाट ९ घटाउन सकिँदैन । त्यसैले १ दश सापटी लिनुपर्छ । १ दश भनेको १० एक हो । त्यसैले १० एक र ५ एक गरेर १५ एक हुन्छ । १५ एक बाट ९ एक घटाउँदा ६ एक हुन्छ ।

| | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|
| | | | | ४ | १५ |
| | २ | १ | ४ | ५ | ५ |
| - | १ | ४ | ९ | ९ | ९ |
| | | | | | ६ |

ख. ५ दश बाट १ दश सापटी गएकाले ४ दश बाँकी रहन्छ। अब ४ दशमा ९ दश घटाउन सकिँदैन। त्यसैले १ सय सापटी लिनुपर्छ। १ सय भनेको १० दश हो। सापटी लिएपछि १० दश र ४ दश गरेर १४ दश हुन्छ। १४ दशमा ९ दश घटाए ५ दश हुन्छ।

| | | | | |
|---|---|---|---|---|
| | | ३ | १४ | १५ |
| दश हजार | हजार | सय | दश | एक |
| २ | १ | ४ | ५ | ५ |
| - १ | ४ | ९ | ९ | ९ |
| | | | ५ | ६ |

ग. ४ सयबाट १ सय सापटी गएकाले ३ सय बाँकी रहन्छ। अब ३ सयमा ९ सय घटाउन सकिँदैन। त्यसैले १ हजार सापटी लिनुपर्छ। १ हजार भनेको १० सय हो। सापटी लिएपछि १० सय र ३ सय गरेर १३ सय हुन्छ। १३ सयमा ९ सय घटाए ४ सय हुन्छ।

| | | | | |
|---|---|---|---|---|
| | ० | १३ | १४ | १५ |
| दश हजार | हजार | सय | दश | एक |
| २ | १ | ४ | ५ | ५ |
| - १ | ४ | ९ | ९ | ९ |
| | | ४ | ५ | ६ |

घ. १ हजार बाट १ हजार सापटी गएकाले ० हजार बाँकी रहन्छ। अब ० हजारमा ४ हजार घटाउन सकिँदैन। त्यसैले १ दश हजार सापटी लिनुपर्छ। १ दश हजार भनेको १० हजार हो। सापटी लिए पछि १० हजार र ० हजार गरेर १० हजार हुन्छ। १० हजारमा ४ हजार घटाए ६ हजार हुन्छ।

| | | | | |
|---|---|---|---|---|
| १ | १० | १३ | १४ | १५ |
| दश हजार | हजार | सय | दश | एक |
| २ | १ | ४ | ५ | ५ |
| - १ | ४ | ९ | ९ | ९ |
| | ५ | ४ | ५ | ६ |

ङ. २ दश हजारबाट १ दश हजार सापटी गएपछि १ दश हजार बाँकी रहन्छ। १ दश हजारमा १ दश हजार घटाउदा ० दश हजार हुन्छ।

| | | | | |
|---|---|---|---|---|
| १ | १० | १३ | १४ | १५ |
| दश हजार | हजार | सय | दश | एक |
| २ | १ | ४ | ५ | ५ |
| - १ | ४ | ९ | ९ | ९ |
| ० | ६ | ४ | ५ | ६ |

यसरी हामीले घटाएर हेर्दा सरितासँग रू. ६,४५६ बाँकी हुने रहेछ।

५. अब तपाइँ तलको हिसाब गर्नुहोस् है त :

क.

| दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|
| ५ | २ | ५ | ७ | ४ |
| - २ | ५ | ८ | ९ | ५ |

ख.

| दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|
| ६ | ३ | ७ | २ | २ |
| - ३ | ६ | ८ | ८ | ४ |

ग.

| दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|
| ९ | ५ | ३ | १ | २ |
| - ४ | ६ | ९ | ८ | ५ |

घ.

| दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|
| ४ | ३ | १ | ४ | ३ |
| - १ | ५ | ४ | ६ | ७ |

ङ.

| दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|
| ७ | ६ | ७ | ६ | ७ |
| - ३ | ९ | ९ | ९ | ९ |

तलको अर्को एउटा प्रश्न हल गर्ने कोसिस गरौं है त ।

| | लाख | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|---|
| | ८ | ६ | ४ | २ | ८ | ६ |
| - | ५ | ७ | ८ | २ | ९ | ७ |

तपाईंलाई गर्न आयो भने धेरै राम्रो । आएन भने तल हेर्नुहोस् है ।

| | लाख | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|---|
| | ७ | १५ | १३ | ११ | १७ | १६ |
| | ८ | ६ | ४ | २ | ८ | ६ |
| - | ५ | ७ | ८ | २ | ९ | ७ |
| | २ | ८ | ५ | ९ | ८ | ९ |

६. तपाईं यसै गरी तल दिएका हिसाब पनि गर्नुहोस् है त ।

क.

| | लाख | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|---|
| | ६ | ६ | २ | २ | ४ | ४ |
| - | ३ | ८ | ४ | ४ | ६ | ६ |

ख.

| | लाख | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|---|
| | ९ | ८ | ७ | ६ | ५ | ४ |
| - | ७ | ८ | ७ | ९ | ८ | ७ |

ग.

| | लाख | दश हजार | हजार | सय | दश | एक |
|---|---|---|---|---|---|---|
| | १ | ० | ० | ० | ० | ० |
| - | | ९ | ९ | ९ | ९ | ९ |

घ.

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ३ | ४ | ५ | ६ | ७ | ३ | ५ |
| - | १ | ५ | ७ | ९ | ७ | ४ | ६ |

ङ. ६ ३ ४ ५ ४ २ १
- ३ ३ ५ ६ ९ ० ५

७. तल दिएका समस्याको हल गर्नुहोस् है त ।

क. एउटा गाउँपालिकामा महिलाको जनसङ्ख्या ३४,५०७ र पुरूषको जनसङ्ख्या २९,९७६ रहेछ भने उक्त गाउँपालिकाको जम्मा जनसङ्ख्या कति रहेछ ?

ख. पेम्बाको गाउँमा एउटा दुध डेरी छ । डेरीमा पहिलो ६ महिनाको आम्दानी रू. ६५,४३२ र दोस्रो ६ महिनाको आम्दानी रू. ५९,७६५ भयो भने एक वर्षमा जम्मा कति आम्दानी भए छ नि ?

ग. एउटा गाउँपालिकाको जम्मा जनसङ्ख्या ५४,७८४ रहेछ जसमध्ये २८,९६५ महिला रहेछन् भने उक्त पालिकामा कति जना पुरूष रहेछन् ?

घ. पोखरा महानगरपालिकाको मतदाता सङ्ख्या २०७७१२ र चितवन महानगरपालिकाको मतदाता सङ्ख्या १८५७५२ छ भने पोखरा महानगरपालिकाको मतदाता सङ्ख्या चितवन महानगरपालिकाको भन्दा कतिले बढी छ होला ?

ङ. एउटा गाउँपालिकाको बजेट रू. १,४५,५६,९८६ रहेछ र त्यसमध्ये ९०,५४,२४३ मात्र खर्च भएछ भने कति रकम खर्च हुन सकेन ? निकाल्नुहोस् है ।

त्यसैगरी तपाइँ आफ्नो गाउँ/नगर पालिकाको अहिलेको आर्थिक वर्षको बजेट कति छ भनेर पत्ता लगाउनुहोस् है त । अनि तपाइँको पालिकामा पनि बजेट खर्च हुन नसक्ने रहेछ कि रहेन छ भनेर बुझ्नुहोस् है त । यदि बजेट खर्च नभएको भए खर्च हुन नसक्नुको कारण पनि पत्ता लगाउनुहोस् है त ।

च. वेदकुमारको परिवारमा वार्षिक आम्दानी रू. ५,३९,७०८ हुने रहेछ र खर्च चाहि रू. २,८९,५७६ हुने रहेछ भने उनको परिवारले वर्षमा कति रकम बचाउने रहेछन् ?

छ. हरिमायाको श्रीमान् विदेश गएका छन् । उनले एक वर्षमा ५,५०,००० जति बचाएर घर पठाउँछन् । हरिमाया आफैँले पनि भैँसी पालेकी छन् । उनले पनि वर्षमा २,२०,००० जति आम्दामी गर्छिन् । घरखर्च, औषधी उपचार, बालबालिकाको पढाइ, लत्ता कपडा आदिमा एक वर्षमा १,४५,७६८ खर्च भयो भने उनीहरु एक वर्षमा कति र कम बचाएछन् ?

ज. लीलाले एक वर्षमा रू. ३,६४,५६७ आम्दानी गर्छिन् । उनले वर्षमा रू. ८०,५४३ खानामा रू. २०,७५६ लत्ता कपडामा, रू ५०,९८२ बालबालिकाको शिक्षामा र रू. १५,००० मनोरञ्जनमा खर्च गर्छिन् भने कति पैसा बचत गर्छिन् होला ?

## परियोजना कार्य

तपाईंको परिवारमा हुने सम्पूर्ण किसिमको वार्षिक आम्दानीलाई तलको जस्तो तालिकाममा देखाउनुहोस् र जम्मा आम्दानी जोडेर लेख्नुहोस् है ।

| क.स. | आम्दानीको विवरण | वार्षिक आम्दानी ( रू.) |
|---|---|---|
| १. | धान बेचेर | १२,०००० |
| २. | ................. | ................. |
| ३. | ................. | .................. |
| ४. | | |
| ५. | | |
| | जम्मा | ................. |

( माथि धान बेचेर उदाहरणका लागि मात्र राखिएको हो । तपाईंको परिवारमा त्यस्तो आम्दानी छैन भने लेख्नुपर्दैन है )

त्यस्तै तपाईंको परिवारमा वार्षिक रुपमा कति खर्च हुन्छ तलको जस्तो तालिकाममा देखाउनुहोस् र जम्मा खर्च जोडेर लेख्नुहोस् है ।

| क्र.स. | खर्चको विवरण | वार्षिक खर्च ( रू.) |
|---|---|---|
| १. | औषधी उपचार | ८,००० |
| २. | ................. | ................. |
| ३. | ................. | .................. |
| ४. | | |
| ५. | | |
| | जम्मा | ................. |

अब आम्दानीबाट खर्च घटाएर कति बचत हुँदो रहेछ, निकाल्नुहोस् है त । यदि आम्दानीभन्दा खर्च बढी भयो भने ऋण लाग्छ । त्यसैले हामीले ऋण लिनेभन्दा बचत गर्ने कुरा सुनिश्चित गर्नुपर्छ । यसका लागि आम्दानीका उपायहरु खोज्नुपर्छ है ।

( *कुनै व्यवसाय सुरू गर्न चाहिँ ऋण लिनु नराम्रो हैन है )

## उत्तरकुञ्जिका

| | | | | | |
|---|---|---|---|---|---|
| १. | क. ८८,३५९ | ख. ५७,५८९ | ग. ९८,८७७ | | |
| २. | क. १,०२,७१० | ख. ८४,१०७ | ग. १,०२,३४० | घ. ७४,३२१ | ङ. १,५४,५८४ |
| | च. १,२१,५२१ | | | | |
| ३. | क. ९,०९,४६२ | ख. ९,५२,०३८ | ग. ११,१५,३७८ | घ. १०,६३,४०१ | ङ. १९,९९,९९८ |
| ४. | क. ११,३१,७८३ | ख. १६,६३,६५२ | ग. ११,१५,३१५ | घ. १८,९४,५६७ | ङ. १०,०३,५५४ |
| ५. | क. २६,६८० | ख. २६,८३८ | ग. ४८,३२७ | घ. २७,६७६ | ङ. ३६,७६८ |
| ६. | क. २,७७,७७८ | ख. १,९९,६६७ | ग. १ | घ. १८,७६,९८९ | ङ. २९,८८,५१६ |
| ७. | क. ६४,४८३ | ख. १,२५,१९७ | ग. २५,८१९ | घ. २१,९६० | ङ. ५५,०२,७४३ |
| | च. २,५०,१३२ | छ. ६,२४,२३२ | ज. १,९७,२८६ | | |

तह

२

भाषा र सञ्चार

व्यावहारिक समस्या र समाधान

सामाजिक व्यवहार र मूल्यमान्यता

जीवन, जगत र प्रविधि

स्वस्थ जीवनशैली र सिर्जनशीलता

# जीवन शिक्षा : शिक्षाको वैकल्पिक बाटो

अनौपचारिक तथा वैकल्पिक शिक्षा समकक्षताको लागि
तयार गरिएको नमुना सिकाई सामग्री